# नवप्रवर्तन साझेदारी कोष/कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९-०४-१८

भीरकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा गण्डकी प्रदेश, नेपाल

प्रस्तावना

मूख्यमन्त्री तथा मन्त्रपरिषद्को कार्यालय गण्डकी प्रदेश र भीरकोट नगरपालिकाको लागत साझेदारीमा संचालन हुने परियोजना कार्यान्वयन मिति २०७८।०९।३० मा प्रकाशित सूचना अनुसार भीरकोट नगरपालिका भित्र बसोबास गर्ने आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग तथा समुदायका जनताहरु लाई व्यावसायिक कृषि तथा पशुपालनमा सक्षम वनाई उनीहरुको जीवनस्तरमा सुधार ल्याउने शिर्षकमा आयोजना प्रस्ताब गरिएकोमा हाल उक्त आयोजना स्वीकृत भई आएको छ। यस सन्दर्भमा कृषि व्यवसायलाई आगामी वर्षहरुमा अझबढी व्यवस्थित गरी सरकारी तथा निजी क्षेत्रको साझेदारीमा कृषि व्यावसायको विकास विस्तार तथा प्रवर्दन संचालन एवं बजारीकरण मार्फत गरिबी निवारण गरी विपन्न गरिब, दलित महिला आदीबासी जनजाती आदि वर्गको उत्थान र सशक्तिकरण गर्न बाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधी जारी गरेको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधीको नाम "नवप्रवर्तन साझेदारी कोष/कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७९"रहेको छ ।

(ख) यो कार्यविधी कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क)"कार्यविधी " भन्नाले भीरकोट नगरपालिकाको नवप्रबर्तन साझेदारी कोष/कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७९ लाई सम्झनु पर्छ।

(ख) नगरपालिका भन्नाले भीरकोट नगरपालिकालाई जनाउँछ ।

(ग) कार्यपालिका भन्नाले भीरकोट नगरपालिकाको कार्यपालिकालाई जनाउँछ ।

(घ) "परियोजना" भन्नाले भीरकोट नगरपालिका भित्र बसोबास गर्ने आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका बर्ग तथा समुदायका जनताहरुलाई व्यावसायिक कृषि तथा पशुपालनमा सक्षम बनाई उनीहरुको जीवनस्तरमा सुधार ल्याउने परियोजना सम्झनु पर्छ।

(ङ) "कृषि" भन्नाले खाद्यान्न, तरकारी,फलफूल, दलहन, तेलहन,पु ष्प खेती,च्याउ,रेशम, मौरीपालन, पशुपंक्षी पालन, मत्स्य पालन लगायतका उत्पादन प्रशोधन भण्डारण बजारीकरण समेतका कार्यहरु सम्झनु पर्दछ ।

(च) "समुह" भन्नाले संघ र स्थानीय तह वा प्रदेश सरकार अन्तर्गतका निकायमा दर्ता भई कृषि फर्ममा संलग्न व्यक्तिहरुको समूह सम्झनु पर्दछ ।

(छ) "सहकारी/समिति/फर्म/कम्पनी" भन्नाले प्रचलित कानून बमोजिम संघ/प्रदेश/स्थानीय तह अन्तर्गतका निकायमा दर्ता भई कृषि कार्य गरिरहेका कानूनी व्यक्ति सम्झनु पर्दछ ।

(ज) "व्यवसायी" भन्नाले दफा २ को ग मा उल्लेख भए बमोजिमका विषयमा कामकाज गर्ने व्यक्ति लाई सम्झनु पर्दछ ।

(झ) "कृषि सूचना केन्द्र" भन्नाले कृषि पेशा, व्यवसाय संचालनका लागि आवश्यक पर्ने प्राविधिक ज्ञान सिप लगायतका जानकारी एवं अन्य सूचनाहरु कृषकहरुलाई उपलब्ध गराउनको लागि नगरपालिकाबाट संचालन भएको सम्झनुपर्दछ ।

(ञ) "कृषि व्यवस्थापन प्रणाली" भन्नाले कृषि सूचना केन्द्र संग सम्बन्धित कुनै पनि कार्य व्यवस्थित रुपमा संचालन एवं सम्पन्न गर्नका लागि तयार गरिएको सिलसिलाबद्ध प्रणालीलाई बुझ्नु पर्दछ। यसले बाली पात्रो, पोष्टहार्भेष्ट भ्यालुचेन, बजार सूचना, बजार व्यवस्थापन लगाएतका विषयलाई जनाउंछ

(ट) "किसान क्रेडिट कार्ड" भन्नाले कृषि व्यवस्थापन प्रणाली अन्तर्गतका कुनै पनि कार्य गर्नका लागि कृषकहरुलाई आवश्यक पर्ने ऋण सहज रुपमा उपलब्ध गराउनका लागि बैंकहरु द्वारा कृषकहरुलाई उपलब्ध गराउने क्रेडिट कार्डलाई सम्झनुपर्दछ ।

३. परियोजनाको उद्देश्यः-

कृषि र पशुपालन क्षेत्रमा व्यवसायीकरण मार्फत यस भीरकोट नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने विपन्न दलित र अल्पसंख्यक समुदायको जीवनस्तरमा सुधार ल्याउने।

परिच्छेद २

४. साझेदार संस्थाहरुको भूमिका देहाय बमोजिम हुनेछ ।

क. लाभग्राही/कृषक समूहहरुको जिम्मेवारी र भूमिका

१. स्थानीय उपलब्धताको आधारमा निर्माण सामाग्रीहरु र अन्य सामाग्रीको व्यवस्था गर्ने
२. नियमित रुपमा सम्बन्धित विषयका प्राविधिकहरुसंगको सम्पर्कमा रहीरहने ।
३. लाभग्राही/कृषकहरुको तर्फबाट बेहोर्नुपर्ने रकम यथा समयमा जम्मा गर्ने ।
४. आफ्नो समूहमा प्राप्त भएको कार्यक्रमलाई व्यवसायीकरण गर्दै सफल र व्यवस्थित रुपमा संचालन गरी आगामी दिनमा श्रोत केन्द्रको रुपमा विकास गर्ने ।

ख. नगरपलिकाको जिम्मेवारी र भूमिका

यस कार्यविधि बमोजिम नगरपालिकाको भूमिका देहाय बमोजिम हुनेछ ।

१. आ.ब. ०७८/०७९ देखि ०७९/०८० को अवधिमा संचालन गरिने परियोजना कार्यक्रमको लागि योजना तथा बजेट तयार गरी पेश गर्ने
२. स्विकृत कार्यक्रमको परिधि भित्र रही संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयबाट प्राप्त श्रोत र आन्तरिक श्रोतको परिचालन तथा व्यवस्थापन गर्ने
३. तोकिएको कार्यक्रम संचालन गर्दा नेपाल सरकारको प्रचलित कानूनको पालना गराउने
४. कृषकहरुका लागि आवश्यक सम्पूर्ण प्राविधिक सेवा उपलब्ध गराइ सहयोग गर्ने
५. कार्यक्रमको उद्देश्य अनुरुप कृषि परियोजना संचालन र नियमनका लागि गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्ने।
६. कृषकहरुका लागि आवश्यक उपकरण/सामाग्री उपलब्ध गराउन सहयोग गर्ने ।

## परिच्छेद -३

५. कार्यान्वयन समिति सम्बन्धि व्यवस्था:-

१. कार्यक्रमलाई प्रभावकारी र नतिजामुलक रुपमा संचालन गर्नका लागि साझेदारी अवधारणा अनुरुप कार्यक्रम संचालनमा प्राविधिक सहयोग पुऱ्याउन तथा समन्वय गर्नको लागि देहाय बमोजिमको कार्यान्वयन समिति रहने छ ।

२. उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहने छन ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| संयोजक, आर्थिक विकास समिति | सदस्य |
| योजना अनुगमन तथा कार्यक्रम शाखा | सदस्य |
| शाखा प्रमुख पशु सेवा शाखा | सदस्य |
| IPF फोकल पर्सन | सदस्य |
| शाखा प्रमुख कृषि विकास शाखा | सदस्य सचिब |

३. उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञ लाई आमन्त्रण गर्न सकिनेछ ।

४. समितिको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्ने छ। समितिको सचिबालय भीरकोट नगरपालिकाको कार्यालयमा रहने छ ।

५. समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क)परियोजना कार्यान्वयनको क्रममा व्यवसायीलाई बस्तुगत/नगद अनुदान वितरण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने ।

(ख)कार्यक्रमको उद्देश्य अनुरुप संचालन हुने कार्यक्रमहरु लाई नतिजामुलक बनाउन र प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक प्राविधिकहरुको व्यवस्था मिलाउने।

(ग) कार्यक्रममा सहभागी हुने कृषकहरुको छनौट गरी समूह गठनको व्यवस्था मिलाउने।

(घ) कार्यक्रमको नियमित रुपमा सुपरिवेक्षण र अनुगमन गरी कृषकहरुलाई राय/सुझाव दिने

(ङ) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने कार्य सदस्य सचिवको हुनेछ ।

६. कृषक/कृषक समुहलाई अनुदान दिने सम्बन्धी व्यवस्था

(क) कृषक/कृषक समुहलाई दिइने अनुदान बस्तुगत/नगद प्रकृतिको हुनेछ ।

(ख) अनुदानको रुपमा दिइने भौतिक संरचना निर्माण गर्दा वा सामाग्री उपलब्ध गराउदा विवरण तयार गरी आपूर्तिकर्तासंग विवरण माग गर्नेछ ।

(ग) अनुदान प्राप्त गर्ने कृषक/लाभग्राहीले कार्यक्रम अनुसार निर्धारण भएको कुल लागतको आधारमा बाखपालन, बंगुर पालन र खोर निर्माणमा ५०% र अन्य कार्यक्रमहरुमा ७५% रकम अनुदान उपलब्ध गराइनेछ ।

(घ) देहाय बमोजिमका कागजातहरु पेश गरेपछी लाभग्राही कृषक वा कृषक समुहलाई अनुदान वापतको रकम बैक खाता मार्फत भुक्तानी दिइनेछ ।

१. रकम माग निवेदन
२. कार्यक्रमको प्रस्ताव/लागत अनुमान
३. सम्झौता पत्र
४. कार्यसम्पन्न प्रतिवेदन
५. प्राविधिक मुल्याङ्कन प्रतिवेदन
६. कार्यक्रम संचालनको विभिन्न चरणमा खिचिएका फोटो
७. वडा कार्यालयको सिफारिस
८. बैक खाताको विवरण

(ङ) तोकिएको बैकमा नगद जम्मा गरेको प्रमाण र कार्य सम्पन्न प्रतिवेदनको आधारमा सम्बन्धित कृषक वा समूहको खातामा नगद जम्मा हुनेछ ।

(च) अनुदान रकम दुई किस्तामा भुक्तानी हुनेछ। पहिलो किस्ता वापत नगरपालिकाले उपलब्ध गराउने अनुदानको ३०% रकम सम्झौता गरी काम सुरु भएपछि सम्बन्धित प्राविधिकको सिफारिसमा पेश्की स्वरुप उपलब्ध गराइनेछ ।

परिच्छेद-४

७. लाभग्राही/कृषक छनौट प्रक्रिया

(क) यस भीरकोट नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने बाख्रा, बंगुर र सुन्तला खेती गर्ने गरिब विपन्न, दलित,आदिवासी, मुस्लिम, जनजाती अल्पसंख्यक समूदायका कृषकहरु मध्येबाट बाख्रा मा ३, बंगुरमा २, र सुन्तला खेतीमा २ समुह गरी जम्मा ७ समूहमा प्रति समूह २५ जनाका दरले कृषकहरुको छनौट गरिनेछ ।

(ख) विभिन्न वडा कार्यालयहरुमा रहेको विपन्न दलित तथा अल्पसंख्यकहरुको तथ्याङ्कलाई आधार लिइनेछ ।

(ग) भीरकोट नगरपालिका कार्यालयमा रहेको तथ्याङ्क

(घ) विभिन्न NGOS/INGOS हरुले तयार गरेको विवरण नेपाल सरकारले निर्धारण गरेको गरिवीको मापदण्डका आधारमा (प्रति व्यक्ति प्रति वर्ष १९२६१ भन्दा कम आय भएका )

(ङ) स्थलगत रुपमा कृषकहरुसंग भेटघाट एवं छलफल गर्दा प्राप्त विवरणहरु लाई आधार मानी संभाव्यता र भौगोलिक बनोटका आधारमा उपयुक्त स्थान छनौट गर्ने

(च) गरिब घरपरिवार भनी सूचिकृत भएका २५ जना कृषकहरुको एउटा समूह गठन हुनेछ ।

(छ) उक्त समूहको कार्यक्रम नदोहोरीने गरी नगरपालिकामा दर्ता भएको हुनुपर्नेछ।

परिच्छेद-५

अनुगमन तथा मूल्याङ्कन सम्बन्धि व्यवस्था

८. अनुगमन तथा मूल्याङ्कनः-

(क) सार्वजनिक तथा निजी साझेदारीमा संचालित यस नवप्रवर्धन साझेदारीकोष कार्यक्रमको प्रभावकारिता र अनुदान रकमको सदुपयोग बारेमा केन्द्रिय स्तरबाट अनुगमन तथा मूल्याङ्कनको कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश (PLGSP) र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मातहतका निकायहरु एवं सरकारका अन्य प्रतिनिधीहरु र पदाधिकारीहरुबाट हुनेछ ।

(ख) पालिका स्तरमा यस कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य प्राविधिक समिति, जनप्रतिनिधीहरु एवं सम्बन्धित नेपाल सरकारका मातहत निकायबाट हुनेछ ।

९. कार्यक्रमको समिक्षा तथा प्रगति प्रतिवेदन पेशगर्ने

(क) स्थानीय तहले तोकेको ढाँचामा कार्यक्रमको अर्धबार्षिक र बार्षिक प्रगति प्रतिवेदन सचिबालयले स्थानीय तह/ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश (PLGSP)/संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(ख) सचिवालयले कार्यक्रमको प्रगती तथा उपलब्धी बारे मध्यावधी (Midterm) तथा अन्तिम (Final term) रुपमा प्राविधिक समितिबाट समिक्षा गर्नु/गराउनु पर्नेछ ।

(ग) सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई।

## परिच्छेद-६

१०. विविध

(क) भ्रमण आदेश स्वीकृति तथा दैनिक भत्ता र भ्रमण खर्च सम्बन्धि व्यवस्था:

१. यस कार्यक्रम कार्यान्वयन एवं अनुगमनको सिलसिलामा खटिने पदाधिकारी तथा कर्मचारीको भ्रमण आदेश स्वीकृति, दैनिक भत्ता र भ्रमण खर्च सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

(ख) समितिको बैठक भत्ताः-

यस कार्यविधी बमोजिम विभिन्न समिति तथा उपसमितिका पदाधिकारीहरु र उक्त समितिमा आमान्त्रण गरिने विज्ञ सदस्यहरुले समेत बैठकमा उपस्थित भए वापत बैठक भत्ता नेपाल सरकारको प्रचलित नियमानुसार पाउने छ।

११. खरिद प्रक्रिया

कार्यालय अन्तर्गत गरिने खरिद प्रकृया नेपाल सरकारको प्रचलित नियमानुसार हुनेछ ।

१२. कार्यविधिको व्याख्या:

यस कार्यविधीमा उल्लेख भएको कुराहरुको सम्बन्धमा कुनै विवाद भएमा कार्यान्वयन समितिको निर्णय बमोजिम हुने छ । अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. कार्यविधीको संशोधन

भीरकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालयले आवश्यकता अनुसार यो कार्यविधीमा सशोधन तथा थपघट गर्न सक्नेछ ।

१४. कार्यक्रमको बचाउ

नवप्रवर्तन साझेदारी कोष २०७८ कार्यक्रम कार्यन्वयनका लागि नबप्रवर्तन साझेदारी कोष कार्यक्रम कार्यान्वयन कार्यविधी २०७८ नगरपालिकाबाट स्वीकृत भएपछी कार्यविधी बमोजिम भए गरेको मानिनेछ ।